**मिति २०७०।२।१६ मा मन्त्रिपरिषद् विधेयक समितिका निर्णयहरू–**

१. हुलाक टिकट प्रकाशन निर्देशिका, २०७० स्वीकृति गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. २६।७-०७०।२।१ को प्रस्ताव मं.प.वै.सं. ६-०७०।२।२ मिति २०७०।२।२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भए अनुसार यस समितिमा छलफलबाट परिमार्जन गरी मिलाइएका यसैसाथ संलग्न "हुलाक टिकट प्रकाशन निर्देशिका, २०७०" स्वीकृत गर्ने ।

**मिति २०७०।३।१८ मा मन्त्रिपरिषद् विधेयक समितिका निर्णयहरू–**

१. प्राइभेट फर्म रजिष्ट्रेशन (नवौं संशोधन) नियमावली, २०७० स्वीकृति गर्ने विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १५।३-०७०।२।९ को प्रस्ताव मं.प.बै.सं. ८-०७० मिति २०७०।२।१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार आजको बैठकमा छलफल हुँदा प्रस्तावसाथ प्रस्तुत " प्राइभेट फर्म रजिष्ट्रेशन (नवौं संशोधन) नियमावली, २०७०" को सट्टा बैठकमा छलफलका क्रममा उठेका विषयहरू समेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "प्राइभेट फर्म रजिष्ट्रेशन (नवौं संशोधन) नियमावली, २०७० " स्वीकृत गर्ने ।

२. क्यासिनो नियमावली, २०६९ स्वीकृत गर्ने विषयको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. २०।७-०७०।२।२ को प्रस्ताव मं.प.वै.सं. ७-०७० मिति २०७०।२।९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार मिति २०७०।२।१६ को बैठकमा छलफल हुँदा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; अर्थ; कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला; गृह र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयहरूको सचिवहरू रहेको उपसमितिले छलफलमा उठेका विषयहरू समेत समावेश गरी सात दिनभित्र पेश गर्ने ।" निर्णय भएबमोजिम मिति २०७०।२।२८ को बैठकमा उक्त उपसमितिले परिमार्जन गरी पेश गरेको "क्यासिनो नियमावली, २०७०" को मस्यौदाउपर छलफल हुँदा सम्मानित सर्वोच्च अदालतको आदेशलाई ध्यानमा राखी छलफलका क्रममा उठेका अन्य विषयहरूसमेत समावेश गरी सोही उपसमितिले पुनः परिमार्जन सहितपेश गर्ने ।" निर्णय भएकोमा आजको बैठकमा छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी उक्त उपसमितिले परिमार्जन गरी मिलाइएको यसैसाथ संलग्न "क्यासिनो नियमावली, २०७०" मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने ।

**मिति २०७०।३।२५ मा मन्त्रिपरिषद् विधेयक समितिका निर्णयहरू–**

१. प्रविधि विकास कोष कार्यविधि, २०७० स्वीकृत गरी लागू गर्ने विषयको उद्योग मन्त्रालयको नं. ३।६-०७०।३।५ को प्रस्ताव मं.प.बै.सं. १३-०७० मिति २०७०।३।७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार मिति २०७०।३।१८ को बैठकमा छलफल हुँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; उद्योग मन्त्रालय र कानुन, न्याय संविधान सभा तथा संसदीय मामिला मन्त्रालयहरूका सचिवहरू रहेको उपसमितिले छलफलमा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जनसहित पेश गर्ने निर्णय भएकोमा उक्त उपसमितिले परिमार्जनसहित पेश गरेको निर्देशिका आजको बैठकमा छलफल हुँदा प्रस्तावसाथ प्रस्तुत "प्रविधि विकास कोष कार्यविधि, २०७०" को

सट्टा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "प्रविधि विकास कोष निर्देशिका, २०७०" स्वीकृत गर्ने ।

२. सूचनाको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७० स्वीकृत गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. २६।१०-०७०।२।२२ को प्रस्ताव मं.प.वै.सं. ११-०७० मिति २०७०।२।३० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार मिति २०७०।३।१८ र आजको बैठकमा छलफल हुँदा प्रस्तावसाथ प्रस्तुत "सूचनाको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७०" को सट्टा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "सूचनाको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७०" स्वीकृत गर्ने ।

**मिति २०७०।३।१८ मा मन्त्रिपरिषद् विधेयक समितिका निर्णयहरू—**

१. प्राइभेट फर्म रजिष्ट्रेशन (नवौं संशोधन) नियमावली, २०७० स्वीकृति गर्ने विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १५।३-०७०।२।९ को प्रस्ताव मं.प.बै.सं. ८-०७० मिति २०७०।२।१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार आजको बैठकमा छलफल हुँदा प्रस्तावसाथ प्रस्तुत " प्राइभेट फर्म रजिष्ट्रेशन (नवौं संशोधन) नियमावली, २०७०" को सट्टा बैठकमा छलफलका क्रममा उठेका विषयहरू समेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "प्राइभेट फर्म रजिष्ट्रेशन (नवौं संशोधन) नियमावली, २०७० " स्वीकृत गर्ने ।

२. "क्यासिनो नियमावली, २०७०" मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने ।

**मिति २०७०।३।१८ मा मन्त्रिपरिषद् विधेयक समितिका निर्णयहरू—**

१. "प्रविधि विकास कोष निर्देशिका, २०७०" स्वीकृत गर्ने ।

२. "सूचनाको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७०" स्वीकृत गर्ने ।

**मिति २०७०।४।०६ मा मन्त्रिपरिषद् विधेयक समितिका निर्णयहरू—**

१. "द्वन्द्वपीडीत पत्रकार कल्याण कोष (स्थापना र सञ्चालन) निर्देशिका २०७०" स्वीकृत गर्ने ।

२. "राष्ट्रिय ट्रमा सेन्टर विकास समिति (गठन) आदेश, २०७०" मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने ।

**मिति २०७०।६।०८ मा मन्त्रिपरिषद् विधेयक समितिका निर्णयहरू—**

१. "राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा सम्बन्धी निर्देशिका, २०७०" स्वीकृत गर्ने ।

२. सम्मेलनमा भाग लिने (सचिवको नेतृत्वमा) विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयका सचिवलाई उक्त महासन्धिमा हस्ताक्षर गर्ने गरी पूर्णअधिकार (Credential and full power) दिने ।

**मिति २०७०।६।२० मा मन्त्रिपरिषद् विधेयक समितिका निर्णयहरू—**

१. "सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७०" स्वीकृत गर्ने ।

२. "पारस्परिक कानुनी सहायता नियमावली, २०७०" स्वीकृत गर्ने ।

द्रष्टव्य — निर्णयसँग सम्बन्धित अन्य थप विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ।